# सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलना

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह, दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन
विषय अन्तर्गतको आंशिक आवश्यकता पूरा
गर्नका लागि तयार पारिएको

## शोध-पत्र

शोधकर्ता
राधा कुमारी चौधरी
एम.एड. दोस्रो वर्ष
परीक्षा रोल नं. १३०१८५
त्रि.वि. दर्ता नं. ३३५११-९५

पाठ्यक्रम तथा मुल्याङकन विभाग
सु.स.मो.या.ब.क्याम्पस, सिरहा
२०७३/२०१६

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र संकाय**
**सु.स.मो.या.व.क्याम्पस,सिरहा**
**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सु.स.मो.या.व.क्याम्पस,सिरहाको पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गतको आंशिक आवश्यकता पूरा गर्नका लागि **राधा कुमारी चौधरी** द्वारा **सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलना** विषयक शीर्षक शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म पूर्ण सन्तुष्टि भएकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................................
शोध निर्देशक
किशोर कुमार साह

Date: 12th March, 2017

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र संकाय**

**सु.स.मो.या.व.क्याम्पस,सिरहा**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सु.स.मो.या.व.क्याम्पस,सिरहाको पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गतको आंशिक आवश्यकता पूरा गर्नका लागि **राधा कुमारी चौधरी** द्वारा **सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलना** विषयक शोधपत्र तयार पार्नु भएकोमा उक्त शोधपत्र स्वीकृतिका लागि पेश भएकोमा यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. कृष्ण कुमार यादव ……………………

२. किशोर कुमार साह ……………………
शोध निर्देशक

३. …………………………… ……………………

बाह्य निरीक्षक

Date:

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सु.स.मो.या.ब.क्याम्पस सिरहाको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको **सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलना**' शिर्षकको प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु किशोर कुमार साहको कुशल निर्देशनमा तयार पारेको हुँ । प्रस्तुत शोध लेखनको क्रममा आफ्नो कार्यव्यस्तता हुँदाहुँदै पनि मलाई शोधकार्य गर्न हौसला र अभिप्रेरणा प्रदान गर्नुका साथै समूचित मार्गदर्शन र सरसल्लाह प्रदान गरी यस कार्यलाई सहज बनाइ दिनुभएकोमा शोधनिर्देशकप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यस्तै शोध प्रस्तावना देखि प्रतिवेदन तयार पार्ने क्रममा आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने पाठ्यक्रम तथा मूल्यांकन विभागका आदरणीय गुरुहरु जितेन्द्र कु.यादव र कृष्ण कुमार यादव प्रति पनि आभार प्रकट गर्दछु ।

अध्ययन अनुसन्धानको क्रममा क्रममा छनोटमा परेको सामुदायिक विद्यालय श्री थभा.सि.मा.वि., झुम्का र संस्थागत विद्यालय युनिक एकेडमीका प्रिन्सिपल लगायत सम्पूर्ण शिक्षकहरु र विद्यार्थी भाइबहिनीहरुले अध्ययनका लागि सहज रुपमा आवश्यक सूचनाहरु उपलब्ध गराउन र उपयुक्त वातावरण सिर्जना गरिदिनु भएकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**राधा कुमारी चौधरी**

# शोधसार

यस अध्ययनको शीर्षक  सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलना रहेको थियो । यस अध्ययनको मुख्य उद्देश्य सामुदायिक र संस्थागत विद्यालयरुमा पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने तयारीको अवस्था र कार्यान्वयनको अवस्था तुलना गर्नु रहेको थियो । यो अध्ययन सुनसरी जिल्लाको सामुदायिक विद्यालय श्री भा.सि. माध्यमिक विद्यालय र संस्थागत विद्यालय युनिक एकेडमी गरी दुई वटा विद्यालयहरुलाई सुविधाजनक विधि अनुसार छनोट गरिएको थियो । यस अध्ययनका लागि गुणात्मक र परिमाणात्मक दुवै तरिकाबाट अनुसन्धान गरियो । यस अधययनको लागि दस्तावेज अध्ययन, विद्यालय सर्वेक्षण फारम, प्र.अ. अन्तर्वार्ता फारम, कक्षा अवलोकन फारम, कक्षा १ का शिक्षकहरुलाई प्रश्नावली र विद्यार्थीहरुलाई लक्षित समूह छलफलको प्रयोग गरी सूचनाहरु संकलन गरियो ।

अध्ययन गरिएको सामुदायिक विद्यालयमा ६ वटा विषयमा पूर्णाङ्क ६०० र उत्तिर्णाङ्क ३२ प्रतिशत रहेको र संस्थागत विद्यालयमा ८ वटा विषयमा पूर्णाङ्क ७०० र उत्तिर्णाङ्क ३५ प्रतिशत रहेको पाइयो । त्यस्तै सामुदायिक विद्यालयमा स्थानीयमा अंग्रेजी राखेको पाइयो भने संस्थागत विद्यालयमा स्थानीय विषयमा सामान्य ज्ञान र नैतिक शिक्षा (५०+५०) राखेको पाइयो । सामुदायिक विद्यालयमा ६ वटा पाठ्यपुस्तकमा अनिवार्य अंग्रेजी र स्थानीय अंग्रेजी बाहेक सबै पाठ्यपुस्तक नेपाली माध्यममा अध्यापन गराइएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयमा ८ वटा पाठ्यपुस्तकहरुमा अनिवार्य नेपाली बाहेक अरु सबै पाठ्यपुस्तक अंग्रेजी माध्यममा अध्यापन गराइने गरेको पाइयो । सामुदायिक विद्यालयमा एउटा स्थानीय विषय बाहेक अरु सबै पाठ्यपुस्तक विद्यार्थीहरुलाई निःशुल्क उपलब्ध गराइन्छ भने संस्थागत विद्यालयमा सम्पूर्ण पाठ्यपुस्तक विद्यार्थीहरुले किन्नु पर्ने र सामुदायिक विद्यालयमा सम्पूर्ण पाठ्यपुस्तकको जम्मा रु. २२० र संस्थागत विद्यालयको सबै पाठ्यपुस्तकको जम्मा रु. १४८० रहेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयमा वर्ष भरिमा २२० दिन खुल्ने १९० दिन पढाई हुने २१ दिन परीक्षा हुने र ५० दिन विदा हुन्छ भने संस्थागत विद्यालयमा २३५ दिन विद्यालय खोल्ने, २२० दिन पढाई हुने २५ दिन परीक्षा हुने र ४० दिन विदा हुने व्यवस्था गरेको पाइयो । सामुदायिक विद्यालय २०७२।०१।०३ गते विद्यालय खोल्ने र २०७२।१२।२६ मा शैक्षिक सत्रको अन्तिम दिन रहेछ ।संस्थागत विद्यालय २०७२।०१।०३ देखि शैक्षिक सत्र सुरु भई २०७२।१२।२६ मा शैक्षिक सत्रको अन्तिम दिन रहेछ । सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालय वर्षभरिमा १० दिन बढी खुल्ने ३२ दिन बढी पढाई हुने ४ दिन बढी परीक्षा हुने गरेको पाइयो । सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा शिक्षकले औसत रुपमा १० दिन कम विदा लिएको पाइयो । दुवै विद्यालयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेका शिक्षकहरुले अध्यापन गरेको पाइयो ।

सामुदायिक विद्यालयको कक्षा १ मा विद्यार्थी संख्या ९ जनामध्ये ४४ प्रतिशत छात्रा र ५६ प्रतिशत छात्र रहेका छन् भने संस्थागत विद्यालयमा २० जना विद्यार्थीहरु मध्ये ४० प्रतिशत छात्रा विद्यार्थी र ६० प्रतिशत छात्र

विद्यार्थी रहेको पाइयो । सामुदायिक विद्यालयमा कक्षा १ मा परीक्षा प्रणाली ३ पटक संचालन गर्ने गरेको र अन्तिम परीक्षा १०० पूर्णाङ्क गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयमा चार पटक परीक्षा सञ्चालन गरेको पाइयो ।

सामुदायिक विद्यालयमा सबै विद्यार्थीहरु पास गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयमा सबै विषयमा पास भएको विद्यार्थीलाई मात्र पास गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयमा अभिभावक तथा विद्यार्थीहरुलाई नतिजाको जानकारी गराउँदा वार्षिक परीक्षाको लब्धाङ्कपत्र उपलब्ध गराउने, त्रैमासिक परीक्षा र अर्धवार्षिक परीक्षाको नतिजा विद्यालयमा रेकर्ड गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयमा प्रत्येक परीक्षाको लब्धाङ्क पत्र विद्यार्थीहरुलाई उपलब्ध गराउने गरेको पाइयो । सामुदायिक विद्यालयमा परीक्षामा पहिलो, दोश्रो, तेश्रो विद्यालयमा नियमित उपस्थित हुने विद्यार्थीलाई कापी कलम पुरस्कार दिइने गरेको पाइयो भने संस्थागत विद्यालयमा पनि कक्षामा पहिलो हुनेलाई मासिक शुल्क तिर्नु नपर्ने र पहिलो, दोस्रो, तेस्रोका साथै विद्यालयमा नियमित उपस्थित हुने, अनुशाषित विद्यार्थीहरुलाई कापी, कलम दिने र अविर लगाई पुरस्कृत गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयमा कक्षा १ मा १९० दिनमा औसत उपिस्थत विद्यार्थी दिन १६२ दिन रहेको छ भने संस्थागत विद्यालयमा कक्षा १ मा २२० दिनमा औसत उपस्थित दिन २११ दिन रहेको पाइयो । दुवै विद्यालयले परीक्षाबाट प्राप्त नतिजाको आधारमा कमजोर विद्यार्थीहरुलाई थप शिक्षण सिकाई क्रियाकलापको लागि ट्युसन व्यवस्था समेत रहेको पाइयो ।

## विषय सूची


सिफारिस पत्र	i

स्वीकृति पत्र	ii

कृतज्ञताज्ञापन	iii

शोधसार	iv

तालिका सूचि	viii

**परिच्छेद एकः परिचय	१-७**

१.१	पृष्ठभूमि	१

१.२	समस्याको कथन	४

१.३	अध्ययनका औचित्य	५

१.४	अध्ययनको उद्देश्य	६

१.५	अध्ययनको सीमाङ्कन	७

१.६	सम्बन्धित शब्दावलिको परिभाषा	७

**परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन	८-१३**

२.१	सैद्धान्तिक आधारहरु	८

२.१.१	शिक्षण सिकाई प्रक्रिया अध्ययनका लागि आधारहरु	८

२.१.२	विद्यालय व्यवस्थापन अध्यनका लागि आधारहरु	९

२.२	सम्बन्धित अध्ययनको समीक्षा	११

२.३	अवधारणा निर्माण	१२

**परिच्छेद तीनः अध्ययन विधि	१४-१८**

३.१	अनुसन्धान ढाँचा	१४

३.२	जनसंख्या र नमूना छनोट प्रक्रिया	१४

३.२.१	विद्यालयको छनोट	१५

३.२.२	प्रधानाध्यापकको छनोट	१५

३.२.३	शिक्षकहरुको छनोट	१५

३.२.४	विद्यार्थी छनोट	१५

३.३	मूल्याङ्कन साधनहरु निर्माण	१५

३.३.१	विद्यालय सर्वेक्षण फारम	१६

| | | |
|---|---|---|
| | ३.३.२ प्रधानाध्यापक सँगको अन्तर्वार्ता फारम | १६ |
| | ३.३.३ शिक्षक प्रश्नावली | १६ |
| | ३.३.४ कक्षा अवलोकन फाराम | १६ |
| | ३.३.५ लक्षित समूहसँग छलफलका लागि निर्देशिका | १७ |
| | ३.३.३ दस्तावेज अध्ययन | १७ |
| ३.४ | साधनको वैधता | १७ |
| ३.५ | सूचना संकलन प्रक्रिया | १७ |
| ३.६ | सूचनाको विश्लेषण प्रक्रिया | १८ |
| **परिच्छेद चारः सूचनाका विश्लेषण र व्याख्या** | | **१९-३४** |
| ४.१ | विषयगत संरचना र पाठ्यपुस्तकहरु | १९ |
| ४.२ | शैक्षिक क्यालेन्डरहरु | २१ |
| ४.३ | समय तालिकाहरु | २२ |
| ४.४ | भौतिक पूर्वाधारहरु | २३ |
| ४.५ | शिक्षकहरुको व्यवस्थापन | २४ |
| ४.६ | विद्यार्थीहरुको व्यवस्थापन | २५ |
| ४.७ | अतिरिक्त क्रियाकलापहरु | २७ |
| ४.८ | कक्षा क्रियाकलापहरु | २८ |
| | ४.८.१ नेपाली विषयमा शिक्षण क्रियाकलापहरु | २९ |
| | ४.८.२ गणित विषयमा शिक्षण क्रियाकलापहरु | ३० |
| | ४.८.३ अंग्रेजी विषयको शिक्षण क्रियाकलापहरु | ३० |
| | ४.८.४ विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा विषयका शिक्षण क्रियाकलाप | ३१ |
| | ४.८.५ सिर्जनात्मक कला तथा सामाजिक विषयमा शिक्षण क्रियाकलाप | ३१ |
| | ४.८.६ स्थानीय विषयहरुको शिक्षण क्रियाकलाप | ३२ |
| ४.९ | परीक्षा सम्बन्धी क्रियाकलापहरु | ३२ |
| **परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझावहरु** | | **३५-४०** |
| ५.१ | प्राप्ति | ३५ |
| ५.२ | निष्कर्ष | ३६ |
| ५.३ | सुझावहरु | ३९ |
| **सन्दर्भग्रन्थ सूची** | | **४१** |
| **परिशिष्ट** | | **४२-६१** |

# तालिका सूची


| तालिका नं. | शीर्षक | पेज |
|---|---|---|
| १.१: | प्राथमिक तह अन्तर्गत कक्षा १ को पाठ्यक्रमको विषयगत संरचना | ३ |
| ४.१ | सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को पाठ्यपुस्तकको विवरण | २० |
| ४.२ | विद्यालयको शैक्षिक क्यालेण्डर | २१ |
| ४.३ | संस्थागत र सामुदायिक दुवै विद्यालयको कक्षा १ को समय तालिका | २२ |
| ४.४ | सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को शिक्षक व्यवस्थापन | २५ |
| ४:५ | सामुदायिक विद्यालयमा कक्षा १ को विद्यार्थी विवरण | २६ |
| ४.६: | संस्थागत विद्यालयको कक्षा १ को विद्यार्थी विवरण | २६ |
| ४:७ | सामुदायिक विद्यालय श्री भा.सि. माध्यमिक विद्यालयमा कक्षा १ को परीक्षा प्रणाली | ३३ |
| ४.८: | संस्थागत विद्यालय युनिक एकेडेमिमा कक्षा परीक्षा प्रणाली | ३३ |